"हरित नगर समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**दमक झापा**

**नं. १ प्रदेश, नेपाल**

**कृषि विकास शाखा**

फोन नं. ०२३५८००४४, ०४७, ५०२
५८०१३७ ,५८१०५३
फयाक्स ०२३५८०१४६,०२३ ५८०१४७
email info@damakmun.gov.np
www.damakmun.gov.np

पत्र संख्या :-
चलानी नं. :

मिति : २०७५/१०/२०

**विषय:** दमक नगरपालिकाको शिलबन्दी दरभाउ पत्र आव्हवानको सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः२०७५/१०/२१**

यस कार्यालयको चालु आ.व.२०७५/०७६ को स्विकृत वार्षिक कृषि विकास कार्यक्रम अनुसार संचालन गरिने कार्यक्रमहरु मध्ये च्याउ खेतीका लागि पराल बफाउने मेशिन ९० प्रतिशत अनुदानमा बितरण गर्ने तपसिशल अनुसारको कार्यक्रम रहेकोल,उक्त मेशिन शिलबन्दी दर/भाउ पत्रको माध्यमबाट खरिद गरिने भएको हुंदा ईजाजत प्राप्त ईच्छुक बिक्रेता,फर्म,कम्पनीहरुलाई निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी दर/भाउ पत्र पेश गर्नहुन आव्हवान गरिन्छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं | बिबरण | परिमाण | लागत अनुमान कर बाहेक | जमानत | शिलबन्दी दर/भाउ पत्र दस्तुर रु. | शिलबन्दी दर/भाउ पत्र फाराम खरिद गर्ने अन्तिम मिति र स्थान | शिलबन्दी दर/भाउ पत्र दर्ता गर्ने अन्तिम मिति र स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०६ | कन्ये च्याउको लागि पराल बफाउने मेशिन (१२०० लि.) क्षमताको स्टिल बडी | ४(चार) सेट | १४३००००.० | ३५७५०.० | १०००.० | सूचना प्रकाशन भएको मितिले १५ दिन सम्म,दमक नगर पालिका,नगरकार्यपालिकाको कार्यालय | फाराम खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिउसो १२ बजे सम्म |

**शर्तहरुः**

१.शिलबन्दी दरभाउ पत्र खरिद गर्न नविकरण भएका कागजातहरु, फर्म/कम्पनी को व्यवसाय दर्ता, प्रमाण पत्रका साथै मूल्य अभिबृद्दि कर दर्ता प्रमाण पत्र,कर चुक्ताको पत्र (२०७४/०७५) र रु.१००० ।- दस्तुर तिरेको रसिद संलग्न राखि आवेदन फर्म खरिद गर्न सकिनेछ ।

२.शिलबन्दी दरभाउ पत्र फारामका सबै पानाहरु स्पष्ट बुझिने गरि लेख्नुपर्नेछ । दरभाउ पत्र मा अंक र अक्षर दुवै लेख्नुपर्नेछ ।अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

३. शिलबन्दी दरभाउ पत्र दाखिला गर्न नसक्ने शिलबन्दी दरभाउ पत्र दाताले रितपुर्वकको अख्तियारीनामा दिई पठाउनु पर्ने छ । प्राप्त भएका दरभाउ पत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको २ बजे उपस्थित भएका दरभाउ पत्र दाता वा निजका प्रतिनिधि एवं कार्यालय प्रतिनिधिको रोहबरमा खोलिने छ । दरभाउ पत्र दाता वा निजका प्रतिनिधि एवं कार्यालय प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४.दरभाउ पत्र साथ उल्लेखित धरौटी रकम यस कार्यालयको राष्टिय वांणिज्य बैंक लि.दमक स्थित धरौटी खाता हि.नं.२१४०३०३००७१०२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त वांणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको दरभाउ पत्र दाखिलाको अन्तिम मितिबाट लागुहुने गरि ७५ दिन म्याद भएको विडवण्ड संलग्न गर्नुपर्नेछ ।

५. शिलबन्दी दरभाउ पत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा उक्त कार्य सो को क्रमश भोलीपल्ट हुनेछ ।

६.जुन फर्म,कम्पनीको नामबाट दरभाउ पत्र खरिद भएको हो सोही फर्म,कम्पनीको नामबाट दाखिला गर्नुपर्नेछ । एक फर्मको नामबाट खरिद भएको दरभाउ पत्र अर्को फर्म,कम्पनी वा व्याक्तिको नामबाट दाखिला गर्न पाईने छैन । यस्तो भएमा दरभाउ पत्र स्वत रद्द हुनेछ ।

७. दरभाउ पत्र शर्तरहित हुनुपर्नेछ । कार्यालयले उपलब्ध गराएको दरभाउ पत्र फाराममा कुनै थप घट वा द्रस्टब्य नलेखिएको हुनुपर्नेछ ,थपघट वा केरमेट भएमा सहीछाप गर्नुपर्नेछ ।

८. समय भित्र प्राप्त नभएको,रित नपुगेको,सूचनाको शर्त बिपरित भएको दरभाउ पत्र लाई मान्यता दिईनेछैन ।

९. प्राप्त हुन आएका दरभाउ पत्र स्विकृत गर्ने,आम्सिक रुपमा स्विकृत गर्ने,नगर्ने र रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ । अन्य कुराको हकमा खरिद ऐन,नियम वा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । थपकुराहरुको जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखि बुझ्न सकिनेछ ।